# नेपाल सरकार

# शिक्षक सेवा आयोग

## निम्न माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदको

## खुला प्रतियोगितात्मक विषयगत परीक्षा – २०८१

**विषय : सामाजिक अध्ययन** | **पूर्णाङ्क : १००**

**समय : ३ घण्टा** | **उत्तीर्णाङ्क : ४०**

**सबै प्रश्नहरु अनिवार्य छन् । प्रत्येक खण्डका लागि बेग्लाबेग्लै उत्तरपुस्तिका प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तर पुस्तिका रद्द हुनेछ ।**

**खण्ड (क)**

| | |
|---|---|
| **१.** निम्न माध्यमिक तह, सामाजिक अध्ययन विषयको वर्तमान पाठ्यक्रमको विश्लेषण गर्दै मुख्य मुख्य सबल र दुर्बल पक्षहरू पहिचान गर्नुहोस् । यस विषयको पाठ्यक्रमको सुधारका लागि मुख्य पाँचवटा सुझाव प्रस्तुत गर्नुहोस् । | ५ + ५ |
| **२.** सामाजिक विविधता भनेको के हो ? नेपाली समाजमा सामाजिक सद्भाव र सहिष्णुता कायम गर्न सामाजिक शिक्षणका माध्यमबाट कस्तो योगदान गर्न सकिन्छ ? बुँदागत रूपमा उत्तर लेख्नुहोस् । | ४ + ६ |
| **३.** बाल अधिकारको अवधारणा स्पष्ट पार्दै कुनै पाँचवटा बाल अधिकारको चर्चा गर्नुहोस् । सामाजिक अध्ययन विषयको शिक्षकलाई बाल अधिकारको जानकारी किन आवश्यक हुन्छ ? बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् । | ५ + ५ |
| **४.** जलवायु परिवर्तनको अवधारणा स्पष्ट पार्दै नेपालमा जलवायु परिवर्तनका कारण र असरहरूलाई बुँदागत रूपमा स्पष्ट पार्नुहोस् । कक्षा ७ का विद्यार्थीहरूलाई 'जलवायु परिवर्तन' शीर्षकको पाठ अध्यापन गराउने उपयुक्त शिक्षण कार्यकलापहरू उल्लेख गर्नुहोस् । | २ + ४ + ४ |
| **५.** अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालले खेलेको भूमिकाको बारेमा चर्चा गर्नुहोस् र नेपालले अन्तर्राष्ट्रिय सम्बन्धलाई सुदृढ पार्न अपनाउनुपर्ने ठोस रणनीतिहरू उल्लेख गर्नुहोस् । | ५ + ५ |

..................................................................................................................

**खण्ड (ख)**

| | |
|---|---|
| **६.** नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारीको क्षेत्रले पुऱ्याएको योगदान सम्बन्धमा तथ्यगत विश्लेषण गर्नुहोस् । साथै नेपालको आर्थिक विकासमा वैदेशिक रोजगारीले ल्याएका अवसर र चुनौतीको समीक्षा गर्नुहोस् । | **४+३+३** |
| **७.** सांस्कृतिक आदानप्रदानमा भूमण्डलीकरणको प्रभावलाई व्याख्या गर्नुहोस् । बढ्दो अन्तरसम्बन्ध एवं अन्तरसम्पर्कले सांस्कृतिक प्रचलन र परम्परालाई कसरी असर गर्दछ ? स्पष्ट पार्नुहोस् । | **४+६** |
| **८.** सामाजिक अध्ययनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको महत्व बारेमा प्रकाश पार्नुहोस् । समसामयिक घटनासँग सम्बन्धित विषयवस्तुलाई सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी कसरी शिक्षण गर्न सकिन्छ ? स्पष्ट पार्नुहोस् । | **४+६** |
| **९.** शिक्षण योजनाको परिचय प्रस्तुत गर्नुहोस् । कक्षा ८ को सामाजिक अध्ययन विषय अन्तर्गत 'द्वन्द्व व्यवस्थापन' भन्ने पाठमा केन्द्रित रही एउटा नमूना पाठयोजना निर्माण गर्नुहोस् । | **४+६** |
| **१०.** सामाजिक अध्ययन विषयको मूल्याङ्कनमा परीक्षाका अतिरिक्त प्रयोग गर्न सकिने विभिन्न साधनहरू मध्ये घटनावृत्त अभिलेखको नमूना चित्रण गर्नुहोस् । साथै सामाजिक अध्ययन विषय शिक्षकको नाताले तपाईंले विशिष्टीकरण तालिका र उत्तरकुञ्जिकाको प्रयोग गर्नुपर्ने कारण पेश गर्नुहोस् । | **३+३.५+३.५** |

***